ब्रिटिश गोर्खाज नेपाल British Gurkhas Nepal

ARMY BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क १४, सेप्टेम्बर २०२५ Edition 14, September 2025

# 80

# VJ DAY

### ८० औं भी जे डे Victory over Japan Day (VJ Day) मा सम्मान र सम्झना

दोस्रो विश्व युद्ध समाप्त गराउने जापानमाथि विजय प्राप्त भएको दिन (भी जे डे) को ८०औं वार्षिकोत्सव को अवसरमा १५ अगष्टमा काठमाडौंस्थित बेलायती दूतावास, बि जी एन काठमाडौं र पोखरा मा मौन धारण सहितको औपचारिक सम्मान कार्यक्रम आयोजना गरियो। भी जे डे १५ अगष्ट १९४५ को वार्षिकोत्सवको रूपमा विशेष अवसर हो, जब जापानले आत्मसमर्पण गरेको घोषणा गरेको थियो, जसले दोस्रो विश्वयुद्धको छ वर्ष लामो अवधिको अन्त्य भएको थियो।



यस दिन ब्रिटिश गोर्खा लगायत सुदूर पूर्वमा सेवा गर्ने सबैको बलिदान र वीरताको सम्झना गरिन्छ, जसले जापानविरुद्धको युद्धमा, खासगरी बर्मा अभियानमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। यो अभियान युद्धको प्रमुख हिस्सा थियो, जसमा कठिन भू-भागमा तीव्र लडाइँ भएको थियो। बर्माको युद्धमा साहस र वीरताको सम्मानमा गोर्खा रेजिमेन्टलाई नौ वटा 'भिक्टोरिया क्रस' (Victoria Cross (VC)) प्रदान गरिएको थियो, जसमध्ये सात वटा सम्मान नेपाली सैनिकहरूले प्राप्त गरेका थिए।





काठमाडौंमा आयोजित समारोहमा नेपाली र विदेशी कुटनीतिज्ञ, भूतपूर्व तथा सेवारत गोर्खा सैनिकहरू, र बि जी एन स्टाफ ले श्रद्धाञ्जलि अर्पण गरेका थिए ।



महामहिम राजदूत रब फेन; नेपाली सेनाका उप-सेनापति रथी निर्मल कुमार थापा; महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन र सेनानी (भू पू) बलकृष्ण राना, अध्यक्ष रेजिमेन्टल असोसीएशन नेपाल (RAN) ले गोर्खा स्मारकमा पुष्पहार अर्पण गर्नुभएको थियो ।





बि जी एन पोखरा मा पनि दोस्रो विश्व युद्धमा सेवा गर्ने गोर्खाली लगायत सबैको वीरता र बलिदानको सम्मानमा भी जे डे को ८०औं वार्षिकोत्सवको अवसरमा एक मार्मिक परेडको आयोजना गरियो जहाँ भूतपूर्व गोर्खाली सैनिकहरू, कार्यरत स्टाफ र शुभचिन्तकहरूको जीवन्त समुदाय एकसाथ भएको थियो ।

## गोर्खा स्मारक संग्रहालयलाई उल्लेखनीय सहयोग

भव्य पहलका साथ बि जी एन काठमाडौंमा अगष्ट १६ मा रेजिमेन्टल असोसिएशन नेपाल (RAN) र गोर्खा मेमोरियल म्युजियम (Gurkha Memorial Museum (GMM)) को समन्वयमा आयोजना गरिएको 'च्यारिटी डिनर नाइट' बाट गोर्खा मेमोरियल म्युजियम (GMM) लाई सहयोगार्थ स्वरूप उल्लेखनीय रकम सङ्कलन गरिएको छ ।







कार्यक्रममा ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जन, कीर्तिमानी पर्वतारोही / जि डब्लु टि (GWT) का सद्भावना दूत (Goodwill Ambassador) / गोर्खा भेटरन हरि बुढा मगर, भूतपूर्व तथा सेवारत सैनिक तथा परिवार को उत्साहपूर्ण सहभागिता रहेको थियो । गोर्खा स्मारक सङ्ग्रहालय पुस्तौपुस्तादेखि गोर्खालीहरूको गौरब, बहादुरी र बलिदानको प्रतीकको रूपमा रहेको छ । सेनानी ज्ञानबहादुर ढेङ्गाले कार्यक्रमको निर्देशन गर्नुभएको थियो भने स्टाफ सार्जेन्ट मुकेश राईले आयोजनाको नेतृत्त्व लिनुभएको थियो ।

सहयोग रकम सेनानी ज्ञानबहादुर ढेङ्गाद्वारा सङ्ग्रहालयको तर्फबाट बुझ्दै महासेनानी ड्यान रेक्स एम भी ओ MVO, कमाण्डर बी जी एन लाई २९ अगष्टमा हस्तान्तरण गरियो ।



## ‘भिक्ट्री इन युरोप’ दिवस (Victory in Europe (VE) Day)

बि जी एन काठमाडौं, पोखरा र धरान मा ०८ मे को दिन ‘भिक्ट्री इन युरोप’ दिवस (Victory in Europe (VE) Day) मनाइएको छ । VE Day ले दोस्रो विश्वयुद्धमा नाजी जर्मनीको बिनाशर्त आत्मसमर्पणसँगै युरोपमा ६ वर्षसम्म चलेको क्रुर युद्धको अन्त्यको स्मरण गर्दछ ।

यस दिनले युद्धको समयमा गोर्खा ब्रिगेडका सैनिकसहित लाखौं सैनिक र सर्वसाधारणले देखाएको साहस, धैर्य र बलिदानको महत्त्वपूर्ण सम्झना गराउँदछ ।



काठमाडौंको कार्यक्रममा बेलायती राजदूत महामहिम श्री रोब फेन; नेपाली सेनाका सहायक रथी बबी चन्द; कमाण्डर बि जी एन महासेनानी ड्यान रेक्स एम भी ओ MVO; अध्यक्ष रेजिमेन्टल असोसीएशन नेपाल RAN सेनानी (भू पू ) बालकृष्ण राना एम बि इ MBE, र दोस्रो विश्वयुद्धका भूतपूर्व गोर्खा राइफलम्यान चन्द्रबहादुर सुनुवार लगायत ले गोर्खा स्मारकमा श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । कार्यक्रममा RAN का पदाधिकारी तथा सदस्यहरू, बी जी एन का सैनिक तथा गैर-सैनिक अफिसर, स्टाफ र परिवारजनको उपस्थिती रहेको थियो ।





बि जी एन पोखरा र धरानमा पनि मौन धारण गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो । पोखरामा आयोजित कार्यक्रममा RAN का पदाधिकारीहरू, प्रमुख सेनानी (भू पू) जेपी क्रस OBE, बि जी एन का सैनिक तथा गैर-सैनिक अधिकारी र स्टाफ, गोर्खा वेलफेयर ट्रस्ट (GWT) र कादुरी एग्रिकल्चरल एड असोसिएशन (KAAA) का प्रतिनिधिहरूले सम्मान व्यक्त गर्नुभएको थियो ।

“हामी उहाँहरूलाई सम्झिनेछौं ।” We will remember them.

## गोर्खा विरासतको प्रतिक प्रमुख सेनानी (भू पू) जे पी क्रस OBE शताब्दीमा प्रवेश

पोखरास्थित ब्रिटिश गोर्खाज नेपालको क्याम्पमा २१ जुनमा गोर्खा ब्रिगेडको इतिहासमा प्रख्यात ब्रिटिश अधिकारी प्रमुख सेनानी (भू पू) जे पी क्रस ओ बि इ OBE को १०० औं जन्मदिन भव्यताका साथ मनाइयो ।

जे पी क्रस साहेबले ब्रिटिश सेनामा गोर्खालीहरूसँग करिब ४० वर्ष सेवा गर्नुभयो जुन अवधिमा उहाँले गोर्खा सैनिकहरूप्रति उच्च सम्मान, समर्पण र आदर व्यक्त गर्नुभएको थियो । उहाँले विगत ४९ वर्षदेखि नेपाललाई आफ्नो घर बनाउनुभएको छ र पछिल्ला वर्षहरूमा नेपाली नागरिक समेत बन्नुभएको छ – यहीं नै नेपाल र नेपाली प्रति उहाँको अगाध प्रेमको प्रमाण हो ।

उहाँले लेख्नुभएका १९ वटा पुस्तकहरूमा व्यक्त भएको उहाँको सैन्य ज्ञानले सैन्य संसारमा उच्च मान्यता पाएको छ ।






बेलायती राजदूतकी श्रीमती जुलिया फेन, भूतपूर्व गोर्खा सैनिकहरू र सेवारत अधिकारी तथा स्टाफ सहभागी भएका यस असाधारण समारोहलाई सम्बोधन गर्दै महासेनानी ड्यान रेक्स एम भी ओ MVO, कमाण्डर बि जी एन ले यो ऐतिहासिक उत्सव पोखराको क्याम्पमा मात्र सीमित नभएर सम्पूर्ण गोर्खा ब्रिगेड र ब्रिटिश सेनामा गुञ्जिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो क्षणलाई धेरै नेपालीहरूले पनि नजिकबाट हेरिरहेका छन् र जे पी क्रस साहेबसँगको आफ्नो सम्बन्धलाई विशेष मान्नेहरूले यस क्षणमा गर्व गरिरहेका छन् ।"



कार्यक्रममा संसारका विभिन्न भागहरूबाट उच्च पदका अधिकारी, सेनाका भूतपूर्व तथा सेवारत समुदायहरूबाट जे पी साहेबलाई पठाइएका जन्मदिनका शुभकामना सन्देशहरू प्रस्तुत गरिएको थियो ।

## गोरखा मेजर बि जी एन लाई टो-आउटसँगै बिदाई



सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन ले नेपालमा आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएको छ। यसको औपचारिक समापन अगष्ट २९ मा बि जी एन काठमाडौंमा 'गोर्खा मेजर टो-आउट' कार्यक्रमसँगै भएको थियो।

बी जी एन का कमाण्डर महासेनानी ड्यान रेक्स एम भी ओ MVO, उप- कमाण्डर प्रमुख सेनानी रब ब्राउन, र बि जी एन काठमाडौंमा कार्यरत सम्पूर्ण अधिकृत तथा स्टाफ बिदाइ कार्यक्रममा उपस्थित भएका थिए।

## नयाँ गोर्खा मेजर सेनानी किरण पुन एम भी ओ MVO लाई बि जी एन मा स्वागत

अगष्ट २९ मा सेनानी किरण पुन एम भी ओ MVO लाई ब्रिटिश गोर्खाज नेपाल (बि जी एन) को नयाँ गोर्खा मेजरको रूपमा स्वागत गरिएको छ। बि जी एन परिवारको तर्फबाट कमाण्डर महासेनानी ड्यान रेक्स एम भी ओ MVO ले सेनानी किरण पुन र उहाँकी श्रीमती लीला पुनलाई स्वागत गर्नुभएको थियो। सेनानी किरण पुन एम भी ओ MVO ले ३२ वर्षको उत्कृष्ट सैनिक सेवासँगै बि जी एन मा आफ्नो नयाँ जिम्मेवारी शुरू गर्नुभएको छ।





## किङ्ग्स गोर्खा आरटिलरी (के जी ए) King's Gurkha Artillery (KGA) को ब्रिगेडमा ऐतिहासिक स्थापना

ब्रिगेड अफ गोर्खाजको सातौं क्याप ब्याज, किङ्ग्स गोर्खा आरटिलरी (के जी ए) King's Gurkha Artillery (KGA) को स्थापना २८ एप्रिल २०२५ मा बेलायतको संसदबाट आधिकारिक रूपमा घोषणा भएको छ ।

नयाँ रेजिमेन्ट स्थापना ब्रिगेड अफ गोर्खाजको लागि ऐतिहासिक रहँदा KGA ले आउने दिनमा ४०० गोर्खा सैनिकलाई सामेल गराएर बेलायतको सशस्त्र बलको आरटिलरी क्षमतालाई सुदृढ पार्नेछ ।

नयाँ रेजिमेन्टले गोर्खा ब्रिगेडले प्रदान गर्ने उत्कृष्टता बढाउनेछ र बेलायत र मातृभूमि नेपालप्रति गोर्खाको सैन्य सेवाको गौरबपूर्ण इतिहासलाई निरन्तरता दिनेछ ।

## रेजिमेन्टल असोसीएशन नेपाल [Regimental Association Nepal (RAN)] बैठकमा अध्यक्षप्रति श्रद्धाञ्जली

भूतपूर्व गोर्खा सैनिकहरूको आधिकारिक प्रतिनिधि संस्था रेजिमेन्टल असोसीएशन नेपाल [Regimental Association Nepal (RAN)] को बैठक ०६ मे मा बी जी एन काठमाडौंमा सम्पन्न भयो ।






बैठकअघि महासेनानी ड्यान रेक्स एम भी ओ MVO, कमाण्डर बी जी एन; प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बी जी एन; सेनानी ज्ञानबहादुर ढेङ्गा, (पूर्व) गोर्खा मेजर बी जी एन र RAN का पदाधिकारी तथा सदस्यहरू ले स्वर्गीय सेनानी (भू पू ) भिमबहादुर गुरुङ MVO MBE, (पूर्व) अध्यक्ष RAN; सेनानी (भू पू ) जीवन बहादुर राना MVO; सेनानी (भू पू ) हरिबहादुर गुरुङ MVO MBE र सेनानी (भू पू ) चन्त बहादुर गुरुङ MVO MBE को निधनप्रति श्रद्धाञ्जलि अर्पण गर्दै मौन धारण गर्नुभएको थियो ।

साथै, नयाँ RAN पदाधिकारीहरू - सेनानी (भू पू ) बालकृष्ण राना MBE, अध्यक्ष RAN; सेनानी सुरज बहादुर थापा MVO, उपाध्यक्ष RAN र सेनानी काजीमान लिम्बु MVO, महासचिव RAN लाई कमाण्डर बी जी एन ले स्वागत गर्नुभएको थियो ।

## श्रद्धाञ्जली



**सेनानी (भू पू) भिमबहादुर गुरुङ एम भी ओ एम बि इ MVO MBE**
अध्यक्ष रेजिमेन्टल असोसीएशन नेपाल [Regimental Association Nepal (RAN)]
– २७ जनवरी २०२५

हामी अत्यन्तै दु:खका साथ खबर गर्दछौं कि रेजिमेन्टल असोसीएशन नेपाल (RAN) का अध्यक्ष सेनानी (भू पू) भिमबहादुर गुरुङ एम भी ओ एम भी इ MVO MBE को २७ जनवरी २०२५ बिहान काठमाडौंको नर्भिक अस्पतालमा निधन भएको छ। उहाँ ८९ वर्ष उमेरको हुनुहुन्थ्यो। उहाँको अन्त्येष्टि सोही दिन उहाँको घरमा बौद्ध परम्परा अनुसार गरिएको थियो, जहाँ कमाण्डर बि जी एन एवं ब्रिटिश गोर्खाज नेपालका अफिसर, स्टाफ र रेजिमेन्टल असोसीएशनका अध्यक्षहरू उपस्थित थिए। उहाँको दाहसंस्कार पशुपतिनाथमा गरिएको थियो। उहाँको विशिष्ट र अतुलनीय सेवा रेकर्ड निम्नानुसार छ:

सेनानी (भू पू) भिमबहादुर गुरुङ एम भी ओ एम बि इ MVO MBE १० नोभेम्बर १९५१ मा सेना नम्बर २११३१८४७ लिएर ब्रिगेड अफ गोर्खाजको पहिलो भर्ती अन्तरगत सामेल हुनुभएको थियो। मलायामा आधारभूत भर्ती तालिमपछि उहाँ ५० फिल्ड इन्जिनियर रेजिमेन्टमा प्रवेश गर्नुभयो, जुन १९५५ मा गोर्खा इन्जिनियर्स र १९७७ मा क्वीन्स गोर्खा इन्जिनियर्स मा विकास भयो। शुरूमा प्लान्ट अपरेटरको रूपमा तालिम प्राप्त गर्नुभएको उहाँ मलायन आपतकालमा सक्रिय रूपमा संलग्न हुनुभयो। बोर्नियो सङ्घर्ष (१९६३–१९६६) को समयमा सीमावर्ती क्षेत्रहरूमा इन्जिनियरिङ कार्यहरूमा निरन्तर खट्नुभयो। उत्कृष्ट क्यालिबर, व्यावसायिकता र समर्पणका कारण उहाँको पदोन्नती क्रम तीव्र रह्यो। सन् १९७४ मा उहाँलाई बकिङ्गहम प्यालेसमा क्वीन्स गोर्खा अर्डरली अफिसर नियुक्त गरियो, जसका लागि उहाँलाई 'मेम्बर अफ द भिक्टोरियन अर्डर' [Member of the Victorian Order (MVO)] प्रदान गरियो। उहाँले १९७५ देखि १९७८ सम्म आफ्नो रेजिमेन्टको आठौं गोर्खा मेजरको रूपमा र १९७८–१९८१ सम्म ट्रेनिङ डिपो, ब्रिगेड अफ गोर्खाजको गोर्खा मेजरको रूपमा सेवा गर्नुभयो। सन् १९८१ मा अवकाशपछि उहाँ सिङ्गापुर पुलिसको गोर्खा कन्टिन्जेन्टमा एड्जुटेन्टको रूपमा सामेल भएर १९९३ सम्म सेवा गर्नुभयो।

अन्ततः, भिमबहादुर साहेब नेपालको राजनीतिक परिवर्तनको चुनौतीपूर्ण समयमा फर्किनुभयो, जसले उहाँलाई सामाजिक र भूतपूर्व सैनिक कल्याण गतिविधिहरूमा गहिरो रूपमा संलग्न गरायो। सन् २००३ मा उहाँले RAN को अध्यक्षको भूमिका सम्हाल्नुभयो, जुन संगठन उहाँले १९९९ मा स्थापना गर्न सहयोग गर्नुभएको थियो। उहाँले गोर्खालीहरूको सेवा सर्तमा परिवर्तनको चुनौतीपूर्ण अवधिमा RAN मा उल्लेखनीय कूटनीतिक नेतृत्त्व गर्नुभएको थियो। अधिकारीहरूलाई थाहा नभए पनि, उहाँको नम्र अनुनय, विशाल अनुभव र सहानुभूति को भूतपूर्व सैनिकहरू, विशेष गरी नयाँ TACOS लाभबाट वञ्चित भएकाहरूबीच तनाव कम गर्नमा महत्त्वपूर्ण भूमिका रह्यो। उहाँको उल्लेखनीय निस्वार्थ समर्पण र RAN मा गर्नुभएको विशाल योगदान भूतपूर्व सैनिकहरूमाझ वर्षौंसम्म गुञ्जिरहनेछ। उहाँको नेतृत्त्वमा RAN द्वारा धेरै मुद्दाहरूको सम्बोधन गर्ने प्रयास गरियो। उहाँको हृदयको सबैभन्दा नजिकको मुद्दा थियो, बोर्नियो अभियानपछि तुरुन्तै आफ्नो प्रारम्भिक सम्झौता पूरा हुनु अघि अवकाश (रिडन्डन्ट) गरिएका सैनिकहरूका लागि यू के सेटलमेन्ट भिसा स्वीकृति सुनिश्चित गर्नु।

उहाँलाई नेपालमा, ब्रिगेड अफ गोर्खाजभरि र पश्चिम नेपालका धेरै ग्रामीण समुदायहरूमा हृदयदेखि सम्झिनेछन्, जहाँ उहाँले २००३ मा भूतपूर्व सैनिकहरूद्वारा स्थापित हिमालयन गोर्खा रोटरी क्लबको सामुदायिक सेवा निर्देशक / सेवा परियोजना समुदाय अध्यक्ष को रूपमा नियुक्त भएर धेरै परियोजनाहरू समर्पित रूपमा लागू गर्नुभयो। उहाँको समर्पित पत्नी श्रीमती रक्षाकुमारी र तीन सन्तान राजु, राजेन र रेनु हुनुहुन्छ। उहाँ कास्की जिल्लाको एक गाउँमा सैन्य परम्परामा गर्व गर्ने परिवारबाट आउनुभएको थियो।

जय भिम साहेब।

## खानेपानी योजनाले दिएको राहत

**- गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) (GWT(N))**

लामो समय देखि स्वच्छ पिउने पानीको समस्या खेपीरहेका शिबुवा टोलका गाउँलेहरू मध्ये एक श्री हेमन्त राई हुनुहुन्छ । गाउँलेहरुले दैनिक जसो घरको लागि चाहिने पानी भरेर ल्याउन दुःख खेप्नुपर्थ्यो ।

उपहार स्वरुप खानेपानी योजना

हाल गाउँमा GWT को खानेपानी योजना निर्माण सम्पन्न भएपछि गाउँलेहरूको जीवन धेरै सहज भएको छ । हेमन्त मुस्कुराउँदै भन्नुहुन्छ, “केही समय अघिसम्म पनि हाम्रो गाउँमा पानीको ठूलो समस्या थियो । मुहानमा पर्याप्त पानी थिएन । जो पहिले जान्थ्यो उसले मात्र गाग्रीमा पानी भर्थ्यो, हामी सबैका लागि पुग्ने थिएन,” वहाँ सम्झिनुहुन्छ ।

“गाउँलेहरू रातिनै उठेर पानी भर्न जानुपर्थ्यो । पानी ल्याउन धेरै समय लाग्ने भएकोले कहिलेकाहीं त खाना नै छुट्थ्यो । फेरि नपर्खदाँ पानी भर्न पाइन्नथ्यो ।”

GWT मा खानेपानी योजनाको लागि निवेदन दिएर स्वीकृत भएर निर्माण शुरू भएपछि सबै कुरा बदलियो । GWT को सहयोगले ‘एक घर, एक धारा’ भन्ने सपना पूरा भयो । यस योजनाले प्रत्येक घरमा स्वच्छ खानेपानीको धारा जडान गरेको छ । हेमन्त १० सदस्यीय खानेपानी उपभोक्ता समितिका सदस्य हुनुहुन्छ । GWT ले गाउँलेहरू मध्ये तीन जनालाई मर्मत कार्यकर्ताको तालिम पनि दिएको छ जसले खानेपानी वितरण प्रणाली सहजताकासाथ चलाउन पानीको गुणस्तर जाँच्न र मर्मत गर्न मद्दत गर्छन् ।

“यो पानी स्वादिलो र सफा छ, जुनसुकै बेला प्रयोग गर्न सकिन्छ । गाउँ अझ स्वस्थ र खुशी भएको छ । सरसफाइ सुधार भएको छ, र गाउँलेहरू आफ्नै करेसाबारीमा तरकारी फलाउन थालेका छन् । पहिले बजारमा खरिद गर्नुपर्थ्यो, अहिले आफ्नै उब्जनी छ – ताजा, र पैसा समेत बचत हुन्छ,” हेमन्तको अहिलेको प्रतिक्रिया यस्तो छ ।

यस योजनाले केवल पानी मात्र होइन, आशा पनि ल्याएको छ । “गाउँलेहरूको मानसिक स्वास्थ्य पनि धेरै सुधारिएको छ,” हेमन्त भन्नुहुन्छ । “पहिलेको मुहानबाट १० – १५ गाग्री पानी मात्र भर्न सकिन्थ्यो, तर अहिले प्रत्येक घरलाई पर्याप्त पानी छ । केहि बिग्रिए पनि गाउँका मर्मत कार्यकर्ताले मर्मत गर्न सक्छन्, र समितिले सबै कुरा राम्रोसँग चल्छ भन्ने सुनिश्चित गर्छ ।

“सफा पानीका कारण शिबुवाका गाउँलेहरूको जीवनस्तरमा पनि ठूलो सुधार आएको छ, जुन गाउँलेहरूले प्रत्येक वर्ष ‘पानी दिवस’ मनाउने गर्दछन् ।”



### बि जी एन स्टाफलाई बिदाई र सम्मान




०९ जुलाइमा बी जी एन का अधिकारी तथा स्टाफले लामो समयसम्म सेवा गर्नुभएका पाँच जना गैर-सैनिक स्टाफलाई बिदाई गरेका छन् । बी जी एन परिवारको तर्फबाट प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बि जी एन; श्री टोबी ओशनेस्सी, सिभिल सेक्रटरी बी जी एन, र सेनानी ज्ञानबहादुर ढेङ्गा, (पूर्व) गोर्खा मेजर बी जी एन ले श्री पदम राना, श्री प्रताप सिंह लिम्बु, श्री काजी महर्जन, श्री भुवन सिंह लामा र श्री गंगा प्रसाद बिदारीलाई धन्यवाद दिंदै उहाँहरूको उज्वल भविष्यको लागि कामना गर्नुभएको थियो ।

सोही अवसरमा हालसालै Recognising Excellence (REx) Awards जित्ने गैर-सैनिक स्टाफलाई बधाई दिइएको थियो । पुरस्कार विजेता श्री कृष्णप्रसाद पाण्डे, श्री अनिल गुरुङ, श्री बिज्ञान पुन र श्रीमती अञ्जना राजवंशीलाई सम्मान गरिएको थियो ।

### BGN मा लाइभ गार्ड तालिम सम्पन्न





ब्रिटिश गोर्खाज नेपाल को काठमाडौंस्थित क्याम्पमा २३-२८ जुन बीच 'रोयल लाइफ सेभिङ सोसाइटी' (Royal Live Saving Society (RLSS)) यू के को 'राष्ट्रिय पुल लाइभ गार्ड योग्यता' (जेनरेसन १०) (National Pool Lifeguard Qualification (NPLQ) Generation 10) तालिम सञ्चालन गरिएको छ । यस ११औं संस्करणको तालिम श्री अनिल गुरुङ र श्री श्रीराम आलेले प्रशिक्षक तथा मूल्याङ्कनकर्ताको रूपमा सञ्चालन गर्नुभएको थियो ।

बी जी एन का सिभिल सेक्रटरी श्री टोबी ओशनेस्सी र क्वार्टर मास्टर सेनानी कृष्ण लोकसमले नयाँ लाइफ गार्डहरूलाई बधाई दिनुभएको थियो । नयाँ लाइफ गार्डहरूमा बिनोद राई, दान बहादुर गुरुङ, लक्ष्मण आले, सुबाष गुरुङ, बिकल राई र गौरब चन्द्र गुरुङ हुनुहुन्छ ।

### बी जी एन ट्रायथलन

सेप्टेम्बर ०३ मा बी जी एन काठमाडौंमा आयोजित बी जी एन ट्रायथलनमा १२ जना अधिकृत र जवानहरूले सक्रिय सहभागिता जनाएका थिए । आगामी नेपाली सेनाका प्रधान सेनापति (सी ओ ए एस) (COAS) को ट्राइ-एडभेन्चर प्रतियोगिता (Tri Adventure Race) को तयारी स्वरूप आयोजना गरिएको फिटनेस प्रतियोगिता सेनानी किरण पुन एम भी ओ, गोर्खा मेजर बि जी एन ले उद्घाटन गर्नुभएको थियो भने ल्यान्स कर्पोरल सन्जय ताम्राकारको अग्रतामा आयोजना भएको थियो ।



## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रान्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| **पेन्सन** | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| **रेकर्ड्स** | काठमाडौं- ०१-४२३५३२४ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११० | dipakarki.thapa118@mod.gov.uk |
| **गोर्खा सेटलमेन्ट अफिस** | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१८९ | gvacdharan@bgp.com.np |

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले मुख्यालय बि.जी.एन, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् ।

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from HQ BGN, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay connected, like and follow British Gurkhas Nepal on Facebook
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/learn-and-explore/about-the-army/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**Headquarters British Gurkhas Nepal Media Points of Contact:**

Major Kiran Pun MVO
Gurkha Major; Media Officer

Gaurav Chandra Gurung
Communications Officer
GauravChandra.Gurung125@mod.gov.uk